**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०७ अक्तूबर २०२३

समयः १८:५० - १६:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले स्वाधीनता दिवसको अवसरमा लाल किल्लाबाट गरिएका घोषणाहरू पूरा गर्न समीक्षाहेतु महत्त्वपूर्ण बैठक गर्नु भएको छ

२. सिक्किममा बाढीका कारण ज्यान गुमाउनेहरूका सङ्ख्या तीस पुगेको छ, बेपत्ता बाइस जवानमध्ये नौजनाको शव पाइएको छ

३. केन्द्रीय गृह राज्य मन्त्री अजय कुमार मिश्राले आज गान्तोकको टाशिलिङमा महत्त्वपूर्ण बैठक गर्नु भएको छ

४. राज्य सरकारले बाढी प्रभावित जीटीएका लागि पच्चिस करोड रुपियाँ आवण्टन गरेको छ

५. राज्यका ऊर्जा मन्त्री अरुप विश्वासले आज बाढी प्रभावित टिस्टा क्षेत्रको भ्रमण गर्नु भएको छ

**<u>मोदी समीक्षा बैठक</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज दिल्लीमा स्वतन्त्रता दिवसको दिन लाल किल्लाबाट दिनु भएको आफ्नो भाषणमा गरिएका घोषणाहरूको समीक्षा गर्न महत्त्वपूर्ण बैठक गर्नु भयो। आफ्नो स्वतन्त्रता दिवसको भाषणमा, श्री मोदीले गरिब र मध्यम वर्गको आवासका लागि किफायती ऋण सुनिश्चित गर्ने कुरा गर्नु भएको थियो। उहाँले सो घोषणालाई कार्यान्वयन गर्ने तयारीको समीक्षा गर्नु भएको छन् । प्रधानमन्त्रीले आफ्नो सम्बोधनमा घरको टप अर्थात छत वा छानामा सौर्य उर्जा उपलब्ध गराउने कुराको उल्लेख गर्नु भएको थियो । उहाँले यस योजनाको कार्यान्वयन गर्ने तयारीको पनि समीक्षा गर्नु भयो।

****** ० ******

**<u>सिक्किम- बाढी</u>**

सिक्किम राज्य आपदा प्रबन्धन प्राधिकरणले राज्यमा बाढीका कारण ज्यान गुमाउनेहरूका सङ्ख्या तीस पुगेको बताएको छ, जसमा सेनाका नौजना जवान सामेल छन्।प्राधिकरणले भनेको छ दृ एकासीजना मानिस अझै बेपत्ता छन्।मङ्गलवार राति उत्तर सिक्किमको ल्होनाक झिल फुट्दा प्रचण्ड उर्लेको टिस्टा नदीले विध्वंस मच्चाएको थियो। बाढीका कारण कुल एक हजार तीन सय बीस घर क्षतिग्रस्त बनेका छन्। बचाउ र राहतकर्मीले दुई हजार पाँच सय त्रिसट्ठी मानिसलाई बचाएको छ।

****** ० ******

**<u>सिक्किम- बैठक</u>**

केन्द्रीय गृह राज्य मन्त्री अजय कुमार मिश्राले आज गान्तोकस्थित टाशिलिङ सचिवालयमा सिक्किमका मुख्य सचिव, विभाग, सेना, भारत तिब्बत सीमा पुलिस, सीमा सडक सङ्गठन, राष्ट्रिय राजमार्ग र पूर्वाधार विकास निगम लिमिटेड र एनएचपीसीसँग बैठक गर्नुभयो। बैठकमा, श्री मिश्राले केन्æ सरकारले सिक्किमको वर्तमान स्थितिमाथि गहन दृष्टि राखिरहेको तथा सबै आवश्यक सहायता उपलब्ध गराइरहेको जानकारी गराउनु भएको छ।उहाँले भन्नुभयो - प्रधानमन्त्री र केन्æीय

गृहमन्त्री लगातार सिक्किमका मुख्यमन्त्रीको सम्पर्कमा हुनुहुन्छ।गृह राज्य मन्त्रीले बताए अनुसार केन्æ सरकारले एक अन्तर मन्त्रालय समितिको गठन गरेको छ। यो समितिमा कृषि, सडक, परिवहन र राजमार्ग, जलशक्ति, ऊर्जा र वित्त मन्त्रालयका अधिकारीहरू सामेल छन्।श्री मिश्राका अनुसार सिक्किमको स्थिति र क्षयक्षतिको आकलन गर्न भोलि यो समितिले राज्यको भ्रमण गर्नेछ।यसभन्दा अघि सिक्किमका मुख्य सचिव भी बी पाठकले श्री मिश्रालाई आपदा, क्षति र राहत कार्यको विवरण दिनु भएको थियो। बैठक गर्न अघि सिक्किमका राज्यपाल लक्ष्मण प्रसाद आचार्यसँग राजभवनमा भेट गरी सङ्कटबाट माथि उठ्न राज्यलाई केन्æ सरकारले सबै सम्भव सहायता गर्ने आश्वासन दिनुभयो।

****** ० ******

**<u>सिक्किमका मुख्यमन्त्री भ्रमण</u>**

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले आज मङ्गन जिल्लाको नागामा प्रकोप प्रभावित क्षेत्रको भ्रमण गर्नु भयो। उहाँले करिब २०० जना बसेको राहत शिविरको पनि भ्रमण गर्नु भयो।आपदा प्रभावित मानिसहरूसितको भेटक्रममा मुख्यमन्त्रीले सरकारबाट पूर्ण सहयोग र मददको आश्वासन दिनु भयो। उहाँले आपतकालिन प्रयोजनका लागि आर्थिक सहायता उपलब्ध गराउँदै सडक सञ्जाल पुनर्स्थापित गर्ने विषय प्रदेश सरकारको प्राथमिकता रहेको बताउनु भयो।त्यसैगरी आज बिहान साढे आठ बजे पेगोङबाट काटिएको चुङ्थाङमा डोरी प्रयोग गरी चुङ्थाङ खोला पार गरेर अधिकारीहरू पुगेका थिए।चार जनाको टोली, मन्त्री सामदुप लेप्चा, डीआईजी रेन्ज उत्तर र पूर्व, सीओ आईटीबीपी र एसडीएम चुङ्थाङसहितका अधिकारीहरू, प्राकृतिक प्रकोपले सब भन्दा बढी प्रभावित क्षेत्र चुङ्थाङ पुग्ने पहिलो व्यक्ति थिए।पूर्णरुपले ध्वस्त यस क्षेत्रलाई सम्पर्क संजालले जोड्नको लागि पूल निर्माणको काम भइरहेको छ ।

****** ० ******

**<u>राजनाथ सिंह</u>**

रक्षामन्त्री राजनाथ सिंहले सिक्किममा टिस्टाको प्रचण्ड बाढीले सेनाका आठजनासहित अन्य नागरिक मारिएका घटनाप्रति गहिरो दुःख व्यक्त गर्नु भएको छ।एक सोशल मिडिया पोस्टमा श्री सिंहले भन्नुभएको छ – तेइस (२३) बेपत्ता जवानमध्ये एकजनालाई उद्धार गरिएको छ, जबकि आठजना जवानको शव पाइएको छ। रहल जवान बेपत्ता बनेका छन्।रक्षा मन्त्रीले बेपत्ता सैनिक र अन्य मानिसहरूको खोजी कार्य लगातार चलिरहेको पनि बताउनु भएको छ।

****** ० ******

**<u>बोनस मांग</u>**

चाड़ अधि नै मालिा पक्षले २० प्रतिशतको दरले बोनस नदिएको खण्डमा चिया बगान बन्द गरी आन्दोलनमा ओर्लने चेतावनी जोइन्ट फोरमले दिएको छ। २० प्रतिशत बोनसको मांग गर्दै डुवसका चिया बगानमाहरूमा जोइन्ट फोरमले गेट मिटिंग गरिरहेको छ। आज पनि विभिन्न चिया बगानमा गेट मिटिंग सम्पन्न भयो। माालिक वर्गले २० प्रतिशतकै दरले दिनुपर्छ र यसभन्दा एक प्रतिशत बोनस पनि नथाप्ने श्रमिकहरूको मांग छ। यसैबीच दुई पटक बैठक विफल बनिसकेको छ। मालिक बर्ग १५ प्रतिशत भन्दा अधिक दरमा बोनस नदिने पक्षमा देखिएको छ।

****** ० ० ******

**<u>ममता व्यानर्जी</u>**

राज्य सरकारले बाढ़ी प्रभावित जीटिए लाई २५ करोड़ सहायता राशि दिनेभएको छ। आज मुख्यमंत्री ममता ब्यानर्जीले जीटिए लाई राहत सहायता राशिको रूपमा २५ करोड़ रूपियाँ दिने घोषणा गर्नुभएको छ। अर्कोतर्फ बाढ़ी प्रभावित जीटिएलाई राहत अनुदानमा छुट्टाईएको र उपेक्षा गरिएकोमा उहाँले केन्द्र सरकारको आलोचना गर्नुभएको छ। मुख्यमंत्रीले भन्नुएको छ- हामी भिखारी होइनौ तर आपदा प्रबन्धनको लागि राहत अनुदानमा केन्द्र सरकारले हामीलाई छुटयाउन पाउँदैन। हामी समान व्यवहारको मांग गर्दछौ।

****** ० ******

**अरुप विश्वास**

राज्यका ऊर्जा मन्त्री अरुप विश्वासले आज बाढी प्रभावित टिस्टा क्षेत्रको भ्रमण गरी क्षयक्षतिको आकलन गर्नका साथै पीडित मानिसहरूसँग भेट गर्नु भयो।यस अवसरमा पत्रकारहरूसँग कुराकानी गर्दै उहाँले टिस्टाको बाढीले सिर्जित स्थितिलाई मुख्यमन्त्री ममता ब्यानर्जीले पहिलो दिनदेखि निगरानी गरिरहेको बताउनु भएको छ।श्री विश्वासले भन्नुभयो दृ बाढीले टिस्टा क्षेत्रमा धेरै क्षति पुगेको छ।मन्त्री विश्वाससँग उत्तर बङ्गाल विकास मन्त्री उदायन गुहा, सिलगढी नगरनिगमका मेयर गौतम देव र अन्य पनि बाढी प्रभावित टिस्टा क्षेत्रको भ्रमणमा गएका थिए।

****** ० ******

**राज्यपाल**

राज्यका राज्यपाल डा. सीभी आनन्द बोस आज दार्जिलिङ आउनु भएको छ। उहाँ कतिदिन दार्जिलिङ बस्नु हुनेछ, त्यो स्पष्ट हुन सकेको छैन्।आज बाघडुग्राबाट सोझै सिलगढीस्थित राज्य गेस्ट हाउस जानु भएको राज्यपाललाई कालो झण्डा देखाएर तृणमूल कङ्ग्रेसका कार्यकर्ताहरूले विरोध प्रदर्शन गरेका थिए।राज्य गेस्ट हाउसबाट उहाँ सोझै दार्जिलिङ प्रस्थान गर्नु भएको हो।

****** ० ******

**प्रधानमन्त्री-दुःख व्यक्त**

प्रधानमन्त्री नरेन्द्र मोदीले इज्राएलमा आज बिहानै भएको आतङ्की हमलाको घटनामा दुःख व्यक्त गर्नु भएको छ।एक सोशल मिडिया पोस्टमा प्रधानमन्त्रीले भन्नुभएको छ- हमलाका निर्दोष पीडित र उनीहरूका परिवारका साथमा भारत खडा छ।उहाँले यो सङ्कटको घडीमा भारत इज्राएलका मानिसहरूको साथमा खडा रहेको बताउनु भएको छ।उल्लेखनीय छ, आज बिहान प्यालेस्टिनी लडाकु गुट हमासले गरेको रकेट हमलामा इज्राएलमा धेरै क्षति पुगेको छ।

****** ० ******

**एडवर्ड कमिटि**

बाढ़ी प्रभावित मानिसहरूलाई सहयो गर्नकालागि कमिटि गठन गर्नपर्ने हाम्रो पार्टीका अध्यक्ष अजय एडवर्डले बताउनुभएको छ। उहाँ अनुसार यो संकटको घड़ीमा विपदमा परेका मानिसहरूलाई मिलेर एकवद्ध भएर सहयोग गर्नपर्छ, जसको लागि एक कमिटिको आवश्यकता पर्नेछ। उल्लेखनीय छ, हाम्रो पार्टीले प्रतिदिन आफ्नो पक्षबाट बाढ़ी प्रभावित मानिसहरूलाई सहयोग गरिरहेको छ। टिस्टाको प्रचण्डबाढ़ीले विध्वंस मच्चाएको दिन श्री एडवर्ड राहत लिएर टिस्टा पुग्नुभएको थियो।

****** o ******

**अनित थापा**

केन्द्र सरकारले बाढी प्रभावित जीटीए क्षेत्रका लागि राहत अनुदान नदिएको घटनालाई जीटीए जीटीएका कार्यपाल अनित थापाले आलोचना गर्नु भएको छ।उहाँका अनुसार बाढी प्रभावित सिक्किमका लागि केन्द्र सरकारले राहत अनुदानको घोषणा गर्‍यो। तर खोई जीटीए क्षेत्रका लागि घोषणा गरेको?अर्कोतर्फ, श्री थापाले राज्य सरकारले बाढी प्रभावित जीटीए क्षेत्रका लागि धेरै कार्य गरिरहेको पनि बताउनु भयो।यसैबिच, उहाँले सांसद राजु विष्टको व्यवहारप्रति आलोचना पनि गर्नु भएको छ।

****** o ******

**अजय एडवर्ड पत्र**

जीटिए क्षेत्रमा बाढ़ी प्रभावित मानिसहरूलाई राहत अनुदानको मांग गर्दै हाम्रो पार्टीका अध्यक्ष अजय एडवर्डले आज प्रधानमंत्री नरेन्द्र मोदी अनि मुख्यमंत्री ममता व्यानर्जीलाई पत्रचार गर्नुभएको छ। राष्ट्रिय आपद कोषबाट जीटिए क्षेत्रका बाढ़ प्रभावित मानिसहरूलाई राहत अनुदान प्रदान गरिनुपर्ने श्री एडवर्डको मांग छ। उहाँको अनुसार जीटिए अर्न्तगत पर्ने रम्फू , तार खोला, मल्ली, टिस्टा र गेल आदि क्षेत्रमा बाढ़ीले अत्याधिक क्षति पुऱ्याएको छ। यसैले केन्द्र सरकारले जीटिए क्षेत्रका लागि राहत अनुसदान दिनपर्ने श्री एडवर्डको मांग छ।

****** o ******

**आरबीआई गभर्नर**

दुई हजार

****** o ******

**नगर पालिका नियुक्ति भ्रष्टाचार**

पश्चिम बंगाल

****** o ******

**बंगाल – मौसम**

पश्चिम बंगालको

****** o ******

**मोर्टार बिस्फोट**

उत्तर बंगालमा

****** o ******

**विश्व मस्तिष्क पक्षाघात दिवस**

आज विश्व

****** o ******

**अनित थापा**

प्राकृतिक

****** o ******

**विनय तामाङ**

यसैबीच

****** ० ******

**दार्जिलिङ ट्रक मालिक एसोसिशन**

दार्जिलिङ

****** ० ******

**कर्मचारी महासंघ – दार्जिलिङ जिल्ला समिति**

तृणमूल

****** ० ******

****** ० ******